आज मिति २०७४।१२।३० गतेका दिन सुक्रबार लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बाह्रौं बैठक बसी निम्नानुसारका प्रस्ताव उपर छलफल भई निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

हरि प्र. धपालिया का.वा.

श्री ~~भोला प्रसाद सेढाई~~, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री यज्ञ पुरी, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामचन्द लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

**निर्णयहरुः**

१. स्थानीय विकास आयोजना सञ्चालन र निर्माण तथा भुकम्पबाट घर क्षति भएका नागरिकहरुको घर निर्माणका लागि नदीजन्य निर्माण सामग्रीहरुको सुलभ व्यवस्थापन र सहज आपुर्तीका लागि जिल्ला समन्वय समितिको कार्यालय, नुवकोटले चालू आर्थिक बर्षको लागि तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उत्खनन्को लागि सिफारिश गरेको स्थानहरुबाट उक्त प्रतिवेदनले तोकेको परिमाण मध्य उत्खनन् वा संकलन हुन बाँकी परिमाण नबढ्ने गरी देहाय बमोजिमका व्यक्ति वा संस्थाहरुले निवेदन दिन आएमा गाउँ कार्यपालिकाको कार्यालयबाट लिखु गाउँपालिकाको नदीजन्य निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा, रोडा, मस्कट, भस्कट, माटो आदि) संकलन, उत्खनन् , ओसारपसार र विक्रि वितरण सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम आयोजनाको लागत अनुमान बमोजिमको परिमाण भन्दा नबढ्ने गरी नदीजन्य पदार्थ उत्खनन् वा संकलनको अस्थायी अनुमति दिने । यसरी अनुमति प्राप्त गर्ने व्यक्ति वा संस्थाले तोकिएको भन्दा अन्य कार्यमा प्रयोग गर्न वा विक्रि वितरण गर्न नपाउने व्यवस्था गर्ने निर्णय गरियो ।

(क) लिखु गाउँपालिकाबाट सञ्चालित विकास आयोजनाहरु कार्यान्वयन गर्न गाउँपालिकासँग सम्झौता भएका उपभोक्ता समितिहरु वा निर्माण व्यवसायीहरु

(ख) नेपाल सरकारद्धारा नुवाकोट जिल्लाभित्र सञ्चालित विकास आयोजनाहरु वा सो सँग सम्बन्धित निर्माण व्यवसायीहरु

(ग) लिखु गाउँपालिका क्षेत्रभित्र निजी तथा सार्वजनिक आवास वा संरचना निर्माणका लागि माग गर्न आउने नागरिकहरु ।

२. लिखु गाउँपालिका क्षेत्रभित्र नदीजन्य पदार्थ उत्खनन्, संकलन, ओसारपसार वा विक्रिवितरणको लागि तोकिएको मापदण्ड तथा शर्तहरुको पालना भए नभएको तथा अनधिकृत उत्खनन वा संकलन र चुहावट नियन्त्रण गर्ने प्रयोजनको लागि लिखु गाउँपालिकाको नदीजन्य निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा, रोडा, मस्कट, भस्कट, माटो आदि) संकलन, उत्खनन् , ओसारपसार र विक्रि वितरण सम्बन्धी कार्यविधि, २०७४ को दफा १२ बमोजिम देहायको अनुगमन समिति गठन गर्ने र उक्त समितिले निरन्तर नदीजन्य पदार्थको अनुगमन तथा निरीक्षण गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) जिल्ला वन कार्यालय वा वातावरण शाखाको प्रतिनिधि | सदस्य |
| (ग) स्थानीय प्रशासनको प्रतिनिधि | सदस्य |
| (घ) गाउँ कार्यपालिकाको सदस्य श्री सिर्जना बाग्दास | सदस्य |
| (ङ) गाउँ कार्यपालिकाको सदस्य श्री रामकृष्ण श्रेष्ठ | सदस्य |
| (च) उद्योग विकास शाखाको प्रमुख वा प्रतिनिधी | सदस्य |

३. नदीजन्य पदार्थको आपुर्तीमा भएको असहजता र हालको आवश्यकता बमोजिम नदीजन्य पदार्थको संकलन तथा उत्खनन् कार्यलाई नियमन गर्न वा अनुमती दिने कार्यलाई लिखु गाउँपालिकाको नदीजन्य निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा, रोडा, मस्कट, भस्कट, माटो आदि) संकलन, उत्खनन् , ओसारपसार र विक्रि वितरण सम्बन्धी कार्यविधि, २०७४ को दफा ७ बमोजिमको सिफारिश समितिबाट सिफारिश गर्नुपर्ने व्यवस्थाले हालको अवस्थामा अनुमति दिने कार्यलाई थप झन्झटिलो बनाउने देखिएकोले चालू आर्थिक बर्षको लागि लिखु गाउँपालिकाबाट सञ्चालित आयोजना र लिखु गाउँपालिकाका नागरिकको निजी आवास वा संरचना निर्माणका लागि सम्बन्धित वडा कार्यालयको सिफारिश र गाउँपालिकाको अध्यक्षको समर्थनमा अनुमति दिने र अन्य राष्ट्रिय आयोजना वा अन्य निकायबाट सञ्चालित आयोजनाहरुको हकमा ऐ. कार्यविधिको दफा ७ बमोजिमको सिफारिशमा अस्थायी अनुमति दिने भनी लिखु गाउँपालिकाको नदीजन्य निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा, रोडा, मस्कट, भस्कट, माटो आदि) संकलन, उत्खनन् , ओसारपसार र विक्रि वितरण सम्बन्धी कार्यविधि, २०७४ को दफा १५ बमोजिम निर्णय गरियो ।

४. लिखु गाउँपालिका वडा नं. ५ अन्तर्गत जगात पिपलबोटमा रहेको रामभक्त पाठक मोही रहेको निरंजना माईको गुठी जग्गामा सार्वजनिक पाटी निर्माण गर्ने सम्बन्धमा गाउँपालिकाको अध्यक्षको स्वीकृति बमोजिम पेश भएको प्रस्ताव उपर छलफल भयो । उक्त जग्गामा सार्वजनिक पाटी निर्माण गर्न सम्बन्धमा मोही रामभक्त पाठकले उक्त जग्गा मध्ये दुई आना क्षेत्रफलमा बाटोको मोहडामा पर्ने जग्गामा पाटी निर्माण गर्न लिखित मन्जुरीनामा दिएको र परम्परा देखि उक्त स्थानमा पाटी रहेको हुँदा उक्त स्थानमा पाटी निर्माण गर्ने र उक्त पाटीको सार्वजनिक प्रयोगको लागि मोहीले बाधा विरोध गर्न नपाउने व्यवस्था गर्ने निर्णय गरियो ।

०६४।९२।३०